आज मिति २०७७ साल असोज ३ गते शनिबारका दिन बिहान १०:०० बजे गाउँपालिकाको सभाहलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति</u>

| सि.नं. | पदाधिकारीका नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री पदम माया तामाङ | उपाध्यक्ष | |
| ३. | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ५. | श्री हेम बहादुर श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ६. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | — |
| ७. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ८. | श्री दिनेश कुमार रमौली | कार्यपालिका सदस्य | |
| ९. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | — |
| १०. | श्री कोमल बहादुर खपाङ्गी | कार्यपालिका सदस्य | |
| ११. | श्री रेखराज अधिकारी | कार्यपालिका सदस्य | |
| १२. | श्री शेर बहादुर मगर | कार्यपालिका सदस्य | |
| १३. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | — |
| १४. | श्री हितलाल श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री जगदिश्वर तोलाङ्गी | कार्यपालिका सदस्य | |
| १६. | श्री दुधकुमारी ठकुरी | कार्यपालिका सदस्य | |
| १७. | श्री देवमाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १८. | श्री भगवति कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १९. | श्री गीतामाया थापा | कार्यपालिका सदस्य | |
| २०. | श्री टेक बहादुर परियार | कार्यपालिका सदस्य | — |

सहजकर्ता : श्री जीतेन्द्र [illegible] अधिकृत छैठौं

: श्री तारानाथ अधिकारी का.स.

श्री सुरेशकुमार [illegible]

<u>प्रस्तावहरु:</u>

१. स्वास्थ्य शाखाको संयोजक सम्बन्धमा ।
२. विद्यालय खुलाउने सम्बन्धमा ।
३. संक्षिप्त वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि पारित गर्ने सम्बन्धमा ।
४. उत्कृष्ट कर्मचारी पुरस्कार जम्मा दुई जनालाई प्रदान गर्ने सम्बन्धमा ।
५. उत्कृष्ट उपभोक्ता समिति र कर्मचारी पुरस्कृत गर्ने सम्बन्धमा ।
६. अतिक्रमित जग्गा संरक्षण गर्ने सम्वन्धमा ।
७. 'घ' वर्गको निर्माण व्यवसाय दर्ता गर्ने सम्बन्धमा ।
८. बजेट पुस्तिका सार्वजनिकरण गर्ने सम्बन्धमा ।
९. वाक्सुखोला तेस्रो लघुजलविद्युत मर्मत सम्बन्धमा ।
१०. झोलुङ्गे पुल माग गर्न लेखि पठाउने सम्बन्धमा ।

<u>निर्णयहरु:</u>

१. स्वास्थ्य शाखा संयोजकको रुपमा तत्काल बाहुनतिल्पुङ स्वास्थ्य चौकीमा कार्यरत सि.अ.हे.व. श्री ईन्द्र बहादुर दुलाललाई हाजिर गराई काममा लगाउन पुन: पत्राचार गर्ने । निजले संयोजक भई कार्य प्रारम्भ गरे पश्चात कुनै मनासिब कारण खुलाई लिखित निवेदन गरेमा सि.अ.हे.व.हरुमध्येबाट संयोजक तोक्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार दिने निर्णय गरियो ।

२. प्रस्तुत विषयमाथि छलफल हुँदा तीनपाटन गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरु खुलाउन निम्न बमोजिम गर्ने:

(क) विद्यालयले सम्बन्धित विद्यालय व्यंवस्थापन समिति, शिक्षा समिति, शिक्षा शाखा, अभिभावक, शिक्षक र विद्यार्थीसँग आवश्यक समन्वय तथा पूर्वतयारी गरी स्वास्थ्य मापदण्ड अनिवार्य रुपमा अलम्बन हुने गरी विद्यालयहरुलाई निर्देशन गर्ने ।

(ख) जिल्ला बाहिर रहेका शिक्षक तथा विद्यार्थीहरुलाई छठपछि मात्र विद्यालयमा हाजिर गराउने व्यवस्था मिलाउन निर्देशन दिने ।

(ग) अत्यावश्यक स्वास्थ्य मापदण्ड बमोजिमको सामाग्री गाउँपालिका तथा विद्यालयको समन्वयमा व्यवस्था गर्ने ।

(घ) विद्यालयहरुले ढिलोमा असोज ११ गतेभित्रमा आवश्यक पूर्वतयारी गर्ने ।

३. संक्षिप्त वातावरणीय मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि पारित गर्ने निर्णय गरियां ।

४. मिति २०७७/०४/२९ को कार्यपालिकाको निर्णयबाट एक जना मात्र उत्कृष्ट कर्मचारी छनौट गर्ने निर्णय भएकोमा सोमा थप एक जना गरी जम्मा दुई जनालाई उत्कृष्ट कर्मचारी पुरस्कारबाट सम्मान गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ४ को विषयमाथि छलफल गर्दा छनौट समितिले सिफारिस गरेको निम्न बमोजिमको उत्कृष्ट उपभोक्ता समिति दुई र कर्मचारी दुई जनालाई अनुमोदन गरी पुरस्कृत गर्ने निर्णय गरियो ।

तपसिल

(क) उत्कृष्ट उपभोक्ता समितितर्फ:

(१) लाटाखोला सिँचाई योजना - वडा नं. ४

(२) भरुवा-ठोके-सिप्रिङ-मसहर-आँपभञ्ज्याङ्ग-जुम्लिङ सडक मर्मत तथा निर्माण योजना - वडा नं. ९

(ख) उत्कृष्ट कर्मचारीतर्फ:

(१) सुशील सुवेदी -ल्याब असिस्टेन्ट, चौथो तह, प्राथमिक स्वास्थ्य केन्द्र, लाम्पन्टार ।

(२) पदम बहादुर मगर -बाटो हेरालु, तीनपाटन-११, सिन्धुली ।

६. अतिक्रमित जग्गा संरक्षण तथा व्यवस्थापन सम्बन्धमा आवश्यक मापदण्ड बनाई देहायबमोजिम गर्न निर्देशन दिने:

(क) लाम्पनटार बहुमुखी क्याम्पसले सेति पहिरे क्षेत्रका जग्गाहरु ।

(ख) सरस्वती मा.वि. हिलेपानीलाई सिसौबजार अन्तर्गतका जग्गाहरु ।

(ग) त्रिपुरेश्वर शिक्षा क्याम्पसलाई बाहुनतिल्पुङ बजार क्षेत्र ।

(घ) मा.वि. मझुवादोभानलाई तल्लो बजार तथा स्वास्थ्य चौकी तल रहेको चँदाहा क्षेत्रका जग्गाहरु ।

७. प्रस्ताव नं. ७ को विषयमाथि छलफल हुँदा तीनपाटन गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायिको इजाजत सम्बन्धी कार्यविधि, २०७५ को दफा (३) बमोजिम **पि.आर. निर्माण सेवा तथा सप्लायर्स, तीनपाटन-२, सिन्धुली**लाई 'घ' वर्गको निर्माण व्यवसायिको इजाजत प्रदान गर्ने निर्णय गरियो ।

८. आ.व.०७७/७८ को बजेट पुस्तिका प्रदेश माननीय श्री प्रदीप कटुवालबाट सार्वजनिकरण गर्ने ।

९. वाक्सुखोला तेस्रो जलविद्युतलाई ईष्टिमेट बमोजिमको मर्मत रकम विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

१०. वडा नं. १ को झुँगाबाट वडा नं. २ को डडुवा शाखाजोर बीचको चँदाहा नदीमा झोलुङ्गे पुलको आवश्यकता भएकोले सम्बन्धित निकायमा टलेखि पठाउने ।